कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने

# समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

**SAMATA MICROFINANCE BITTIYA SANSTHA LIMITED**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

पिप्रा सिमरा ३, बारा, नारायणी, नेपाल ।
फोन नं.: ०५३–५२१९२१
E-mail : samata@samata.org.np Website: www.samata.org.np

(बारा जिल्ला कार्यक्षेत्र भएको)

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

रु.९४,८०,०००/–रकम बराबरको प्रति साधारण सेयर रु.१००/–अंकित दरका ९४,८०० कित्ता (१,८९६ कित्ता सेयर कर्मचारीहरुका लागि सुरक्षित गरिएको तथा ४,७४० कित्ता सेयर सामुहिक लगानी कोषहरुका लागि बाँडफाँट गरिएको र बाँकी ८८,१६४ कित्ता सेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण सेयरहरुको सार्वजनिक निष्काशन ।

**दरखास्तसाथ प्रति साधारण सेयर रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ३.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७३/८/२७
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७३/९/४

निष्काशन खुल्ला हुने मिति : २०७३/९/१९
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७३/९/२२
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७३/१०/४

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL

## एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ४००५०८०, फ्याक्स नं. ४००५०८४
URL: www.niblcapital.com, E-mail- info@niblcapital.com

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, निष्काशनकर्ता कम्पनी समता माइक्रोफाइनान्स वित्तीय संस्था लि. को website: www.samata.org.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

## २.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा सेयर निष्काशन गर्न धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल क्यापिटल मार्केटस् लिमिटेडलाई सम्झनु पर्दछ ।

ग) **"लघुवित्त वित्तीय संस्था/संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएको संस्थालाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बाणिज्य बैंकहरुलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन"** भन्नाले समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडका संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

## २.२.विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १ | एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौं । |
| २. | नेपाल इन्भेष्टमेण्ट बैंक लि.को शाखा कार्यालयहरु : पुतलीसडक, लाजिम्पाट, कालीमाटी, बौद्ध, बत्तीसपुतली, ठमेल, पुल्चोक, लगनखेल, सिपाडोल तथा उपत्यका बाहिरका सम्पूर्ण शाखा कार्यालयहरु । |
| ३ | समता माइक्रोफाइनान्स वित्तीय संस्था लि., सिमरा, बारा तथा सम्पूर्ण शाखा कार्यालयहरु । |
| ४ | भिबोर क्यापिटल लि., कृष्णगल्ली, ललितपुर । |
| ५. | * सि.बि.आई.एल. क्यापिटल लि., डिल्लीबजार, काठमाडौं |
| ६ | गोर्खाज फाइनान्स लि., डिल्लीबजार, काठमाण्डौं तथा शाखा कार्यालयहरु : बौद्ध, न्यूरोड, सातदोबाटो, सूर्यबिनायक, दमक, धरान, इटहरी, नारायणगढ र बिर्तामोड । |
| ७ | गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., *हरिहरभवन, ललितपुर तथा शाखा कार्यालयहरु : *चावहिल, *हेटौंडा, बीरगञ्ज र चारआली । |
| ८ | आईसीएफसी फाइनान्स लि., भाटभटेनी, काठमाण्डौं तथा शाखा कार्यालयहरु : बौद्ध, मैतीदेबी, गोंगबु, पेप्सीकोला, न्यूरोड र बनेपा । |
| ९ | सिनर्जी फाइनान्स लि., कमलादी, काठमाण्डौं तथा शाखा कार्यालयहरु : गोंगबु, न्यूरोड पोखरा र मिलनचोक बुटवल । |
| १० | हाम्रो विकास बैंक लि., विदुर-३, बट्टार, नुवाकोट |
| ११ | साझा विकास बैंक लिमिटेड, धनगढी, कैलाली तथा शाखा कार्यालयहरु : टिकापुर र महेन्द्रनगर |

**नोटः *उपरोक्त संकलन केन्द्रहरुबाट A/c. Payee चेक मात्र बुझिलिने ब्यबस्था गरिएको छ ।**

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरु/वित्तीय संस्थाहरुमा आवेदन फाराम तथा विवरणपत्र प्राप्त गर्न र आवदेन फाराम साथ सेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा सेयर निष्काशन बन्द हुनुअघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ सेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । सेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिनेछैन ।

**दरखास्त फाराम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

**३.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता लघुवित्त वित्तीय संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**३.२.संगठित संस्थाको उद्घोषण :**

**३.२.१.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**३.२.२.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस समता माइक्रोफाइनान्स वित्तीय संस्था लि.ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**३.२.३.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/ब्यबसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन ब्यबस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**३.२.४.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस लघुवित्त वित्तीय संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२. यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।

३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र ब्यबसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

५. यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

३.३. संगठित संस्था सम्बन्धी जानकारी :

३.३.१. संगठित संस्थाको पृष्ठभूमी :

(क) **संस्थाको नाम** : समता माइक्रोफाइनान्स वित्तीय संस्था लि. **( Samata Microfinance Bittiya Sanstha Limited )**
(ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।
(ग) **संस्थाको रजिष्टर्ड ठेगाना** : यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय पिप्रा सिमरा ३, बारामा रहेकोछ ।
(घ) **कारोवार गर्ने मुख्य स्थान** : यस लघुवित्त वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान पिप्रा सिमरा ३, बारामा रहेकोछ । हाल लघुवित्त वित्तीय संस्थाले बारा जिल्लाको कलैया, बरियारपुर, कोलहवी, नीजगढ र सिमरामा शाखा कार्यालयहरु स्थापना गरी आफ्नो लघुवित्त सम्बन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई थप शाखा कार्यालयहरु बिस्तार गरी लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ ।
(ङ) **संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु :**
समता माइक्रोफाइनान्स वित्तीय संस्था लि., कम्पनी ऐन, २०६३ बमोजिम २०७० साल बैशाख २ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७० साल भाद्र २ गतेका दिन नेपाल राष्ट्र बैंकबाट लघुवित्त सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी यस लघुवित्त वित्तीय संस्थाले मिति २०७० भाद्र ९ गते दखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुमा बैंक, वित्तीय क्षेत्र, स्वास्थ्य, कृषि, बीमा, सामाजिक, इन्जिनियरिङ्ग, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही लघुवित्त सम्बन्धी कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) वित्तीय संस्थाको निक्षेपकर्ता तथा ऋणदाताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट न्यून आय भएका तथा विपन्न वर्गका समुदायलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धी सेवा उपलब्ध गराउने,
आ) कृषि, घरेलु उद्योग, ग्रामीण सेवा, ग्रामीण ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाव्य देखिएका क्षेत्रमा लघु ब्यबसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय श्रोत र साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको अधिकाशं ग्रामीण क्षेत्रका निम्न आय भएका वर्गको स्वरोजगारी सृजना गर्ने तथा आय आर्जन गर्ने क्षमतामा सहयोग पुर्‍याउने,
इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यकत वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
ई) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको संस्थागत रुपमा विस्तार गरी त्यसमा विपन्न वर्गको पहुँच बढाउन राष्ट्रिय स्तरमा मध्यस्तता, समन्वय, सहजीकरण, प्रबर्द्धन तथा उदारिकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने, र
उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।
(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : नभएको ।
(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म)
(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : लघुवित्त सेवाहरु ।

(२) प्रयोग भएको वा गरिने प्रविधि : वित्तीय प्रविधि ।

(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः लघुवित्त वित्तीय बजार ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : लागु नहुने ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : लघुवित्त वित्तीय बजार ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : लागु नहुने ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : लागु नहुने ।

(९) गुण नियन्त्रणको लागि गरिएको ब्यबस्था : लागु नहुने ।

(१०) अनुसन्धान तथा विकास : नभएको ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान : नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः हालको प्रतिस्पर्धि लघुवित्त बजारमा सफलतापूर्वक आफ्नो लघुवित्त सम्बन्धी ब्यबसाय संचालन गरी नाफा कमाउन लघुवित्त वित्तीय संस्था सफल रहेको छ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण : नभएको ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १० % वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण : नभएको ।

३.३.२. सम्पत्तिको विवरण :

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : लागु नहुने ।

(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने ) : लागु नहुने ।

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : लागु नहुने ।

(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण : यस लघुवित्त वित्तीय संस्थाको सम्पत्ति पुनर्मूल्याङ्कन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको।

(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : लागु नहुने ।

**३.३.३. भावी योजना तथा रणनिती :**

(क) ब्यबसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः देशमा छरिएर रहेका स–साना पूँजीलाई बचतको रुपमा आकर्षित गर्दै देशको वित्तीय एवं बैंकिङ्ग क्षेत्रमा ग्रामीण विपन्न वर्ग र सर्वसाधारणमा बैंकिङ्ग प्रणाली मार्फत सरल, शुलभ र छिटो छरितो तरिकाबाट भरपर्दो एवं गुणस्तरीय लघुवित्त सेवा प्रदान गर्ने तथा बढी भन्दा बढी ग्रामीण समुदायमा लघुवित्त सेवा विस्तार गर्ने, सेवामा विविधिकरण गर्दै जाने तथा थप सेवा विस्तार गर्दै जाने योजना यस लघुवित्त वित्तीय संस्थाको रहेको छ । ग्राहक महानुभावहरुको सेवा र सामाजिक उत्तरदायित्व समेतलाई ध्यानमा राखी लघुवित्त वित्तीय संस्थाको मुनाफा बृद्धि गरी सेयरधनीहरुलाई उचित प्रतिफल वितरण गर्दै लैजाने यस लघुवित्त वित्तीय संस्थाको भावी योजना रहेको छ । साथै लघुवित्त वित्तीय संस्थाको अन्य भावी योजनाहरु देहाय वमोजिम रहेकोछ :

भविष्यमा सर्वसाधारणहरुमा साधारण सेयर जारी गरी यस लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गरी रु.३ करोड १६ लाख पुऱ्याउने ।

निक्षेपको लागत कम गरी बचतको अधिकतम परिचालन गर्न नयाँ योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने र कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।

लघुवित्त सेवाहरु विस्तार गर्दै लैजाने ।

लघुवित्त कारोबार गर्ने वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु तथा लघुवित्त वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विश्लेशण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । विगतको छोटो अवधिमानै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग वातावरण बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ विगतका केही समययता देखा परेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केही हद सम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको यस लघुवित्त वित्तीय संस्थाको परिस्थितिलाई मूल्याङ्कन गर्दा लघुवित्त वित्तीय संस्थाको वित्तीय अवस्था सन्तोषजनक देखिन्छ । तसर्थ, देशको लघुवित्त व्यवसाय बीचको प्रतिस्प्रर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस लघुवित्त वित्तीय संस्थाले स्थापनाकाल देखि नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको अधिकतम रुपमा परिचालन गरी उत्साहजनक उपलब्धी हासिल गरेको छ । त्यस कारण विद्यमान उपलब्धीहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा यस लघुवित्त वित्तीय संस्थाको भविष्य सुदृढ हुने देखिन्छ ।

**३.३.४.संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :**

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम सेयर संख्या सम्बन्धी व्यबस्था :

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| संस्थापक समूहबाट मनोनित/निर्वाचित संचालकहरु | ६ जना |
| सर्वसाधारण सेयरधनीहरुबाट निर्वाचित संचालकहरु | २ जना |
| स्वतन्त्र व्यबसायिक बिशेषज्ञ संचालक | १ जना |
| **जम्मा** | **९ जना** |

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम सेयर संख्या सम्बन्धी ब्यबस्था :**
यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको दफा २८ मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको संचालक हुनका लागि यस लघुवित्त वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता साधारण सेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो सेयर लिन आवश्यक हुने छैन ।

**३.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

१. अधिकृत पूँजीः यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.५,००,००,०००/–रहेको छ, जसलाई प्रति सेयर रु.१००/–का दरले जम्मा ५,००,००० कित्ता साधारण सेयरमा विभाजन गरिएको छ ।
२. जारी पूँजीः यस लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.३,१६,००,०००/–रहेको छ, जसलाई प्रति सेयर रु.१००/–का दरले जम्मा ३,१६,००० कित्ता साधारण सेयरमा विभाजन गरिएको छ ।
३. चुक्ता पूँजीः यस लघुवित्त वित्तीय संस्थाको जारी भएका ३,१६,००० कित्ता साधारण सेयर मध्ये रु.२,२१,२०,०००/– बराबरको रु.१००/–दरको २,२१,२०० कित्ता साधारण सेयर संस्थापक सेयरधनीहरुको नाममा बाँडफाँट भई जम्मा रु.२,२१,२०,०००/–चुक्ता भुक्तान भईसकेको छ । यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयरको बाँडफाँट पश्चात लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु.३,१६,००,०००/–हुनेछ ।

**अधिकृत,जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**कम्पनीको स्थापना पश्चात् जारी तथा चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| क्र.सं. | विवरण | परिवर्तन भएको पूँजी | कैफियत |
|---|---|---|---|
| १. | जारी पूँजी | रु.३,१६,००,०००/– | २०७३/३/२० मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| २. | चुक्ता पूँजी | रु.२,२१,२०,०००/– | |

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)** : सर्वसाधारणलाई सेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| समूह | शेयरधनी | सेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक सेयरधनीहरु | २,२१,२०० | ७०% | २,२१,२०,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण सेयरधनीहरु (कर्मचारीहरु समेत) | ९४,८०० | ३०% | ९४,८०,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **३,१६,०००** | **१००%** | **३,१६,००,०००/–** | |

**ग) सेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात)** : सेयर प्रिमियम खाताको ब्यबस्था नगरिएको ।

**३.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**३.५.१.संस्थापक/संचालकको पृष्ठभूमी :**

(क) आधारभूत सेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, सेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :

**आधारभूत सेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | सेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | डम्मरमणि थेबे लिम्बु, सिमरा ६, बारा । | अध्यक्ष | ५५ | नेपाली | १४,००० | स्नातकोत्तर | बाणिज्य प्रबन्धक– सूर्य नेपाल प्रा.लि.,सिमरा, बारा लेखा समिति संयोजक – हातेमालो बचत तथा ऋण सहकारी संस्था लि., सिमरा, बारा । |
| २. | हरि बहादुर भण्डारी, नारायणपुर ४, चितवन | संचालक | ४६ | नेपाली | १८,००० | स्नातकोत्तर | भ्याली म्यानेजमेन्ट कम्पनी, पुतलीसडकमा अध्यक्षको रुपमा ४ बर्षको कार्य अनुभव । सौभाग्य हाउजिङ्ग एण्ड कम्पनी प्रा.लि.मा अध्यक्षको रुपमा ७ बर्षको कार्य अनुभव । |
| ३. | गुण बहादुर खनाल, रत्न नगर, चितवन | संस्थापक सेयरधनी | ५३ | नेपाली | १४,००० | स्नातकोत्तर | लेखा परिक्षकको काममा १५ बर्ष आ.ले.प. अल्पलाइन बिकास बैक ली.मा कार्य गरेको । |
| ४. | प्रल्हाद राउत, भरौल ३, मोरङ्ग | संस्थापक सेयरधनी | ३५ | नेपाली | १७,००० | स्नातक तह | ने.वि.प्रा.मा मेकानिकल ईन्जीनियरको रुपमा ६ बर्षको अनुभव |
| ५ | कृष्ण प्र. पौडेल बार डुमरवाना ४, बारा | संस्थापक सेयरधनी | ४५ | नेपाली | १२००० | स्नातकोत्तर | केपी पौडेल एण्ड एसोसिएट्समा दर्तावाल लेखा परिक्षक को रुपमा १५ वर्षको अनुभव । |

**संचालकहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | सेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | डम्मरमणि थेबे लिम्बु, सिमरा ६, बारा । | अध्यक्ष | ५५ | नेपाली | १४,००० | स्नातकोत्तर | बाणिज्य प्रबन्धक– सूर्य नेपाल प्रा.लि., सिमरा, बारा । लेखा समिति संयोजक – हातेमालो बचत तथा ऋण सहकारी संस्था लि., सिमरा, बारा । |
| २. | डा.मदन घिमिरे, बराहक्षेत्र ४, सुनसरी । | प्रबन्ध संचालक | ५१ | नेपाली | १०,००० | विद्यावारिधी | सामुदायिक सक्रिय सहभागिता क्याप नेपालमा ९ बर्षको कार्य अनुभव । सामाजिक क्षेत्रमा १५ बर्षको कार्य अनुभव । लघुवित्त क्षेत्रमा ३ बर्षको कार्य अनुभव । |
| ३. | टिना सुबेदी, कलैया ६, बारा । | संचालक | ४६ | नेपाली | १०,००० | स्नातक | आन्तरिक लेखा परिक्षक – जिल्ला बिकास समिति, बारा । |
| ४. | राजेश्वर प्रसाद आचार्य, कलैया ५, बारा । | संचालक | ६० | नेपाली | ७,००० | स्नातकोत्तर | भक्तपुर बहुमुखी क्याम्पसमा सह–प्राध्यापकको रुपमा २८ बर्षको कार्य अनुभव । प्रोपाइटर–आर आचार्य एण्ड कम्पनी। |
| ५. | विश्वराम खड्का, बत्तीसपुतली ९, काठमाण्डौं। | संचालक | ५१ | नेपाली | ८,००० | स्नातकोत्तर | माइती नेपालमा निर्देशकको रुपमा १९ बर्षको कार्य अनुभव । |
| ६. | हरि बहादुर भण्डारी, नारायणपुर ४, चितवन । | संचालक | ४६ | नेपाली | १८,००० | स्नातकोत्तर | भ्याली म्यानेजमेन्ट कम्पनी, पुतलीसडकमा अध्यक्षको रुपमा ४ बर्षको कार्य अनुभव । सौभाग्य हाउजिङ्ग एण्ड कम्पनी प्रा.लि.मा अध्यक्षको रुपमा ७ बर्षको कार्य अनुभव । |

(ख) **संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :** सो नभएको ।

(ग) **संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठन सँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| सि.नं | संचालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | डम्मरमणि थेबे लिम्बु, सिमरा ६, बारा । | बाणिज्य प्रबन्धक– सूर्य नेपाल प्रा.लि., बारा |
| २. | डा. मदन घिमिरे, बराहक्षेत्र ४, सुनसर । | अध्यक्ष – क्याप नेपाल, बारा<br>प्रवन्ध संचालक – समता माइक्रोफाइनान्स वित्तीय संस्था लि. |
| ३. | टिना सुबेदी, कलैया ६, बारा । | आन्तरिक लेखा परिक्षक – जिल्ला बिकास समिति, बारा । |
| ४. | राजेश्वर प्रसाद आचार्य, कलैया ५, बारा । | सह–प्राध्यापक – भक्तपुर बहुमुखी क्याम्पसमा, भक्तपूर<br>प्रोपाइटर – आर आचार्य एण्ड कम्पनी बारा |
| ५. | विश्वराम खड्का, बत्तीसपुतली ९, काठमाण्डौं। | निर्देशक – माइती नेपाल, काठमाडौं |
| ६. | हरि बहादुर भण्डारी, नारायणपुर ४, चितवन | अध्यक्ष – भ्याली म्यानेजमेन्ट कम्पनी, पुतलीसडक<br>अध्यक्ष– सौभाग्य हाउजिङ्ग एण्ड कम्पनी प्रा.लि. |

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई लघुवित्त वित्तीय संस्थाको सेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापकको सेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

ग) लघुवित्त वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो सेयर बिक्री गर्दा वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो सेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि लघुवित्त वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा सेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको सेयर हो सोही समूहका सेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी सेयर बिक्री गर्दा एक भन्दा बढी सेयरधनीले सेयर खरीद गर्न चाहेमा निजले धारण गरेको सेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक सेयरधनीले सेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो सेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

घ) कुनै संस्थापक सेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशबण्डा भएमा वा अदालतको आदेशले निजको सेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागु हुने छैन ।

ङ) सर्वसाधारणहरुले सेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता वा अधिकतम ५०० (पाँच सय) कित्ता सेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ ।
तर हकप्रद सेयर र बोनस सेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च) लघुवित्त वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंक/वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको सेयर

आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

तर नयाँ सेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो सेयर लघुवित्त वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको सेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

ज) सेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०६३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

झ) “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को नियम (१०) को उपनियम (१) मा भएको ब्यबस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह ( संस्थापक र अन्य समूह) ले लिएको सेयर सार्वजनिक निष्काशन गरेको सेयर बाँडफाँट भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**३.५.२.संस्थापक/संचालकसँगको कारोबार :**

क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति तथा मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा त्यस सम्बन्धी विवरण : सो नभएको ।

ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : नभएको ।

**३.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यो लघुवित्त वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा सेयरवालाहरुको दायित्व सीमित छ । यस लघुवित्त वित्तीय संस्थाका सेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको सेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**३.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**३.७.१.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको सेयर लिएको भए सेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत सेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

१. नाम : डा. मदन घिमिरे

योग्यता : विद्यावारिधि

नियुक्ति भएको मिति : २०७०/३/६

अनुभव : सामुदायिक सक्रिय सहभागिता क्याप नेपालमा ९ बर्षको कार्य अनुभव, सामाजिक क्षेत्रमा १५ बर्षको कार्य अनुभव र लघुवित्त क्षेत्रमा ३ बर्षको कार्य अनुभव ।

संगठित संस्थाको सेयर लिएको भए सेयर संख्या : १०,००० कित्ता संस्थापक समूहको सेयर ।

अन्य सूचिकृत संगठित संस्थाको आधारभूत सेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

२. नाम : केशरी राज निरौला
योग्यता : स्नातक
नियुक्ति भएको मिति : २०७१/४/२१
अनुभव : छिमेक लघुवित्त बिकास बैंक लि.मा तालिमे, फिल्ड कर्मचारी, लेखापाल र शाखा प्रबन्धकको रुपमा ८ बर्षको कार्य अनुभव ।
संगठित संस्थाको सेयर लिएको भए सेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत सेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

३. नाम : सुमन आचार्य
योग्यता : स्नातकोत्तर
नियुक्ति भएको मिति : २०७२/९/२०
अनुभव : श्री अन्तु टुर्स एण्ड ट्राभल्समा लेखापालको रुपमा २ बर्ष भन्दा बढीको कार्य अनुभव, साँग्रीला एग्रोमा वित्तीय अधिकृत, ब्यापार ब्यबस्थापकको रुपमा २ बर्षको कार्य अनुभव र पि एण्ड एम सहकारीमा वित्त ब्यबस्थापकको रुपमा २ बर्षको कार्य अनुभव ।
संगठित संस्थाको सेयर लिएको भए सेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत सेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

४. नाम : रोशन गुरुङ्ग
योग्यता : प्रविणता प्रमाणपत्र
नियुक्ति भएको मिति : २०७१/५/१
अनुभव : छिमेक लघुवित्त बिकास बैंक लि.मा फिल्ड कर्मचारीको रुपमा ५ बर्ष कार्य गरेको अनुभव ।
संगठित संस्थाको सेयर लिएको भए सेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत सेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : सो नभएको।

ग) कर्मचारी संख्या : **३५ जना**
स्थायी : ४ जना
अस्थायी : ३१ जना
करार : छैन
ज्यालादारी : छैन ।

**३.७.२.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :

१. दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मासिक पारिश्रमिक रु.६०,०००/–पाउनेछ ।

२. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले प्रति बैठक रु.२,०००/– र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.१,५००/– हुनेछ । संचालक समितीको अध्यक्षय लाई मोवाइल खर्च बापत मासिक रु १००० /– पत्रपत्रिका बापत ६००/– र अन्य संचालकहरु लाई मासिक मोवाईल बापत रु ५००/– उपलब्ध गराईनेछ ।

३.  लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

– स्वदेशमा दैनिक भत्ता : रु.२,३५०/–

**ख) संगठित संस्थाको उच्च व्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १. | डा.मदन घिमिरे | प्रबन्ध संचालक | रु.७,७०,०००/– | आ.ब.०७२/०७३ |
| २. | केशरी राज निरौला | अधिकृत | रु.२,५६,४००/ – | आ.ब.०७२/०७३ |
| ३. | सुमन आचार्य | अधिकृत | रु.१,२४,४६७/ – | आ.ब.०७२/०७३ |

ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**३.८.अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :

१.निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

२.नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम : लागु नहुने ।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :

१.नयाँ लघुवित्त वित्तीय संस्था, बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

२.देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम : लागु नहुने ।

(ङ) विदेशी विनिमयको जोखिम : लागु नहुने

(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : लागु नहुने ।

(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असर बाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीमः

१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।

२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) संचालन इतिहासको अभाव : मिति २०७० भाद्र ९ गते देखि लघुवित्त वित्तीय संस्थाले आफ्नो लघुवित्त कारोवार संचालन गरेकोले लघुवित्त वित्तीय संस्थाको संचालन इतिहास करिव ३ बर्षको रहेको छ ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः लागु नहुने ।

(ट) अन्य :

१. लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
२. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
३. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
४. लघुवित्त वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/–प्रति सेयरका दरले निष्काशन गरिएको सेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले सेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**३.९. वित्तीय विवरण :**

**३.९.१. वित्तीय विवरण र तत्सम्बन्धमा ब्यबस्थापनको धारणा र विश्लेषण :**

क) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँट, नगद प्रवाह विवरण :

**वासलात (आषाढ मसान्त, २०७३)**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. सेयर पूँजी | २२,१२० |
| २. जगेडा तथा कोषहरु | ७,५७१ |
| ३. ऋणपत्र तथा बण्ड | |
| ४. तिर्न बाँकी कर्जा सापट | १५६,७०२ |
| ५. निक्षेप दायित्व | ६३,८८४ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – |
| ८. आयकर दायित्व | ७८ |
| ९. अन्य दायित्व | ३,८११ |
| **कुल पूँजी तथा दायित्व** | **२५४,१६६** |
| | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | ३८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | २०,८७३ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – |
| ५. लगानी | – |

| | |
|---|---|
| ६. कर्जा सापट तथा बिल खरिद | २२८,७३१ |
| ७. स्थिर सम्पत्ति | २,४७८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | |
| ९. अन्य सम्पत्ति | २,०४६ |
| **कुल सम्पत्ति** | **२५४,१६६** |

**नाफा नोक्सान हिसाव (श्रावण १, २०७२ देखि आषाढ मसान्त २०७३)**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | २८,२२५ |
| २. व्याज खर्च | ९,८७८ |
| **खुद ब्याज आम्दानी** | **१८,३४७** |
| ३. कमिशन तथा डिस्काउण्ट | ३,८५९ |
| ४. अन्य संचालन आम्दानी | - |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **२२,२०५** |
| ६. कर्मचारी खर्च | ५,४७१ |
| ७. अन्य संचालन खर्च | ५,२०० |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यवस्था अघिको संचालन मुनाफा** | **११,५३५** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ५,१५७ |
| **संचालन मुनाफा/(नोक्सान)** | **६,३७९** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ३,४२८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **९,८०७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **९,८०७** |
| १३.कर्मचारी बोनस व्यवस्था | ८९२ |
| १४.आयकर ब्यवस्था | **२,६६३** |
| यस वर्षको | २,७३८ |
| गत वर्षको | |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | (७४) |
| **खुद मुनाफा/(नोक्सान)** | **६,२५२** |

**नाफा नोक्सान बांडफांड हिसाव (श्रावण १, २०७२ देखि आषाढ मसान्त २०७३)**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | - |
| २. यस वर्षको मुनाफा | २,२८९ |
| ३. सटही घटबढ कोष | |
| **जम्मा** | २,२८९ |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | (४७०) |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधरण जगेडा कोष | ४५८ |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | - |
| ९. प्रस्तावित बोनस सेयर जारी | - |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |
| १४. अन्य (स्थगन कर जगेडा) | - |
| १५. लगानी समायोजन कोष | - |
| **जम्मा** | (१२) |
| **सञ्चित मुनाफा/(नोक्सान)** | २,३०१ |

**नगद प्रवाह विवरण (श्रावण १, २०७२ देखि आषाढ मसान्त २०७३)**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | (७३,४६९) |
| **१. नगद प्राप्ति** | ३२,०८४ |
| १.१ व्याज आम्दानी | २८,२२५ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | ३,८५९ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | - |
| १.४ अपलेखित कर्जाको असूली | - |
| १.५ अन्य आम्दानी | - |
| **२. नगद भुक्तानी** | (२२,७०६) |
| २.१ व्याज खर्च | (९,८७८) |

| | |
|---|---|
| २.२ कर्मचारी खर्च | (५,१७५) |
| २.३ कार्यालय संचालन खर्च | (४,५४३) |
| २.४ आयकर भुक्तानी | (२,८०७) |
| २.५ अन्य खर्च | (३०२) |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **९,३७८** |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | **(१२७,६६३)** |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (१२५,८५८) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (१,८०४) |
| सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि) | **४४,८१६** |
| १. निक्षेप दायित्वमा (कमी)/बृद्धि | ४४,०८२ |
| २. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/बृद्धि | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | - |
| ४. अन्य दायित्वमा (कमी)/बृद्धि | ७३४ |
| ५. लाभाशं भुक्तानी | - |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(८७५)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (८७५) |
| ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| ४. लाभाशं आम्दानी | - |
| ५. अन्य | - |
| **ग) वित्तिय कारोबारबाट नगद प्रवाह** | **७३,३९५** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | |
| २. सेयर पूँजीमा बृद्धि/(कमी) | ११,०६० |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | ६२,३३५ |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | (९४९) |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **२१,८६१** |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२०,९१२** |

**(ख) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ |
| १. सेयर पूँजी | ११,०६० | ११,०६० | २२,१२० |
| २. जगेडा तथा कोषहरु | (४७०) | १,५६९ | ७,५७१ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | |
| ४. तिर्न बाँकी कर्जा सापट | २९,९५३ | ९४,३६८ | १५६,७०२ |
| ५. निक्षेप दायित्व | ५,२७७ | १९,८०२ | ६३,८८४ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - |
| ८. आयकर दायित्व | - | १४७ | ७८ |
| ९. अन्य दायित्व | ४८७ | १,९४९ | ३,८११ |
| **कुल पूँजी तथा दायित्व** | **४६,३०७** | **१२८,८९४** | **२५४,१६६** |
| **सम्पत्ति** | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ |
| १. नगद मौज्दात | - | ५ | ३८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | | |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | २,४२४ | २१,८५६ | २०,८७३ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - |
| ५. लगानी | - | - | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ४२,८२० | १०४,६०१ | २२८,७३१ |
| ७. स्थिर सम्पत्ति | ८०६ | २,२५९ | २,४७८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | |
| ९. अन्य सम्पत्ति | २५७ | १७४ | २,०४६ |
| **कुल सम्पत्ति** | **४६,३०७** | **१२८,८९४** | **२५४,१६६** |

**नाफा नोक्सान हिसाव**

| विवरण | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७०/०७१<br>२०७०/५/३ देखि<br>२०७१/३/३२ सम्मको) | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ |
| १. व्याज आम्दानी | ३,५३९ | ११,१३३ | २८,२२५ |
| २. व्याज खर्च | ९३० | ३,२०० | ९,८७८ |
| **खुद ब्याज आम्दानी** | **२,६०९** | **७,९३२** | **१८,३४७** |
| ३. कमिशन तथा डिस्काउण्ट | ८०७ | १,८६६ | ३,८५९ |
| ४. अन्य संचालन आम्दानी | - | - | - |

| | | | |
|---|---|---|---|
| ५. सटही घटबढ आम्दानी | - | - | - |
| **कुल संचालन आम्दानी** | ३,४१६ | ९,७९८ | २२,२०५ |
| ६. कर्मचारी खर्च | १,५९५ | २,५८३ | ५,४७१ |
| ७. अन्य संचालन खर्च | १,८५४ | ३,००८ | ५,२०० |
| ८. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | (३३) | ४,२०७ | ११,५३५ |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ४३३ | १,१३३ | ५,१५७ |
| **संचालन मुनाफा/(नोक्सान)** | (४६५) | ३,०७४ | ६,३७९ |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | २४७ | ३,४२८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | (४६५) | ३,३२१ | ९,८०७ |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | (४६५) | ३,३२१ | ९,८०७ |
| १३.कर्मचारी बोनस व्यवस्था | - | ३०२ | ८९२ |
| १४.आयकर ब्यबस्था | *५* | *७३०* | *२,६६३* |
| यस वर्षको | - | ७२८ | २,७३८ |
| गत वर्षको | - | - | |
| स्थगन कर | (५) | (१) | ७४ |
| **खुद मुनाफा/(नोक्सान)** | (४७०) | २,२८९ | ६,२५२ |

(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण : लागु नहुने ।

(घ) आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण : आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन नभएको ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको घारणा : पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छैन ।

(च) आर्थिक बर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मिति सम्मा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने : लागु नहुने ।

(छ) विगत ५ बर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए

(अ) सम्पत्तिको विवरण,

(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य

(ई) पूनर्मूल्यांकनको औचित्य,–हाल सम्म सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

(ज) आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

वासलात

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ |
| १. सेयर पूँजी | ३१,६०० | ३१,६०० | ६३,२०० |
| २. जगेडा तथा कोषहरु | १९,२२८ | ३१,८१६ | ५०,०५९ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | १७२,३७३ | १९८,२२९ | २१८,०५१ |
| ५. निक्षेप दायित्व | ९५,८२६ | १२९,३६५ | १५५,२३७ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - |
| ८. आयकर दायित्व | - | - | - |
| ९. अन्य दायित्व | २,१४४ | २,३५८ | २,५९४ |
| **कुल पूँजी तथा दायित्व** | **३२१,१७०** | **३९३,३६७** | **४८९,१४२** |
| **सम्पत्ति** | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ |
| १. नगद मौज्दात | १४४ | ४५४ | ६७० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | १८,३६८.६२ | १५,६१३ | १७,९५५.३२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - |
| ५. लगानी | - | - | - |
| ६. कर्जा सापट तथा बिल खरिद | २९७,२९८ | ३७१,४६९ | ४६४,१६८ |
| ७. स्थिर सम्पत्ति | २,४८५ | २,७३४ | ३,००७ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |
| ९. अन्य सम्पत्ति | २,८७५ | ३,०९७ | ३,३४१ |
| **कुल सम्पत्ति** | **३२१,१७०** | **३९३,३६७** | **४८९,१४२** |

नाफा नोक्सान हिसाव

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ |
| १. व्याज आम्दानी | ४२,६९७ | ५०,९५६ | ६३,७११ |
| २. व्याज खर्च | १९,३८० | २५,७२२ | २९,५८६ |
| **खुद ब्याज आम्दानी** | **२३,३१७** | **२५,२३४** | **३४,१२५** |
| ३. कमिशन तथा डिस्काउण्ट | ४,२४५ | ५,५१८ | ६,६२२ |
| ४. अन्य संचालन आम्दानी | - | - | - |
| ५. सटही घटबढ आम्दानी | - | - | - |
| **कुल संचालन आम्दानी** | **२७,५६२** | **३०,७५२** | **४०,७४७** |
| ६. कर्मचारी खर्च | ६,०१८ | ६,९२० | ७,९५९ |

| | | | |
|---|---|---|---|
| ७. अन्य संचालन खर्च | ५,८५१ | ६,८१७ | ७,०५१ |
| ८. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१५,६९३** | **१७,०१५** | **२५,७३७** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ८०२ | ८३४ | १,०२९ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१४,८९१** | **१६,१८१** | **२४,७०८** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ३,४२८ | ३,५९९ | ३,९५९ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१८,३१९** | **१९,७८१** | **२८,६६७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१८,३१९** | **१९,७८१** | **२८,६६७** |
| १३.कर्मचारी बोनस व्यवस्था | १,६६५ | १,७९८ | २,६०६ |
| १४.आयकर ब्यबस्था | ***४,९९६*** | ***५,३९५*** | ***७,८१८*** |
| यस वर्षको | ४,९९६ | ५,३९५ | ७,८१८ |
| गत वर्षको | - | - | - |
| स्थगन कर | - | - | - |
| **खुद मुनाफा/ (नोक्सान)** | **११,६५७** | **१२,५८८** | **१८,२४३** |

**३.९.२. वित्तीय अनुपात सम्बन्धी विवरण :** संगठित संस्थाको सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति सेयर आम्दानी (EPS), प्रति सेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति सेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल: (क) विगत ३ बर्षको प्रति सेयर नेटवर्थ, प्रति सेयर आम्दानी र गैह्र बैंकिङ्ग सम्पत्ति :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| प्रति सेयर नेटवर्थ (रु.) | ९५.७५ | ११४.१९ | १३४.२३ | २४७.४६ | २००.६८ | १७९.२१ |
| प्रति सेयर आम्दानी (रु.) | (४.२५) | २०.७० | २८.२६ | ३६.८९ | ३९.८३ | २८.८७ |
| निष्कृय कर्जा (प्रतिशतमा) | | | | ०.६२% | ०.५५% | ०.४८% |

(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| चुक्ता पुंजी | ११,०६० | ११,०६० | २२,१२० | ३१,६०० | ३१,६०० | ६३,२०० |
| जगेडा तथा कोषहरु | (४७०) | १,५६९ | ७,५७१ | १९,२२८ | ३१,८१६ | ५०,०५९ |
| **कुल** | **१०,५९०** | **१२,६२९** | **२९,६९१** | **५०,८२८** | **६३,४१६** | **११३,२५९** |
| घटाउने :अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **१०,५९०** | **१२,६२९** | **२९,६९१** | **५०,८२८** | **६३,४१६** | **११३,२५९** |
| सेयर संख्या (हजारमा) | १११ | १११ | २२१ | २०५ | ३१६ | ६३२ |
| प्रति सेयर नेटवर्थ (रु.) | ९५.७५ | ११४.१९ | १३४.२३ | २४७.४६ | २००.६८ | १७९.२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रति सेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | -४.४४% | १८.१३% | २१.०६% | २२.९३% | १९.८५% | १६.११% |
| निष्काशन पूर्वको प्रति सेयर आम्दानी **(EPS)** कायम राख्न आवश्यक न्यूनतम प्रतिफल | | | **२२.८०%** | | | |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| विवरण | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ५०.००% | ३५.००% | २०.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | २९.९८% | २४.९५% | २४.९५% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ९४.४०% | ९६.२०% | ९६.५७% |
| ४. कुल आयमा औषत बृद्धिदर | १४६.३१% | १२०.३१% | १२४.५४% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १२४.६८% | १२५.७२% | ११३.२३% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | २५.२८% | २४.३२% | २१.३४% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ८६.४७% | ७.९८% | ४४.९३% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ७.००% | ७.००% | ७.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १६.००% | १५.००% | १५.००% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११.अनिवार्य नगद अनुपात **(CRR)** | ५.३५% | ५.८५% | ६.१६% |
| १२.बैद्यानिक तरलता अनुपात **(SLR)** | ११.३६% | ११.३९% | १२.१२% |
| १३.पूँजी पर्याप्तता **(CAR)** | १७.५७% | १७.६५% | २४.८८% |

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोशिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौंले प्रमाणित गरेकोछ ।

**३.१०.धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**३.१०.१.धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ) लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.३ करोड १६ लाख मध्ये प्रबन्धपत्र तथा नियमावलीमा ब्यवस्था भए अनुरुप जारी पूंजीको ३०% सेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण जारी पूंजीको ३०% अर्थात रु.९४,८०,०००/–रकम बराबरको प्रति सेयर रु.१००/–दरको ९४,८०० कित्ता साधारण सेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।

आ) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

इ) लघुवित्त वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको ब्यवस्था गर्न ।

**३.१०.२.धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

(क) निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण उल्लेख गर्नु पर्ने :
साधारण सेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको लघुवित्त वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही लघुवित्त वित्तीय संस्थाको व्यवसायिक प्रयोजनमा उपयोग गरिने छ । साधारण सेयर निष्काशन गरी प्राप्त हुने पूँजी लघुवित्त वित्तीय संस्थाको नियमित लघुवित्त सम्बन्धी कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं बृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ ।

| कर्जा प्रवाह तथा लगानी | | |
|---|---|---|
| **क्र.सं.** | **विवरण** | **रकम (रु.)** |
| १ | कृषि क्षेत्र | करिव रु.९४,८०,०००/- |

(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपानाइने बैकल्पिक व्यवस्था :
लघुवित्त वित्तीय संस्थाहरुको सेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी सेयरको लागि दरखास्त पर्ने गरेकोछ । कथंकदाचित निष्काशन गरिने साधारण सेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रचलित कानूनको अधिनमा रही सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि बैकल्पिक व्यबस्था गरिनेछ । साथै निष्काशन गरिने साधारण सेयरहरुको ५० प्रतिशत सेयर समेत प्रत्याभूति गरिएको छ ।

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : लागु नहुने ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने: लागु नहुने ।

(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु : लागु नहुने ।

(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सम्झौता नगरिएको ।

(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : उत्पादन सम्बन्धी आयोजना नभएको ।

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : लागु नहुने ।

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : लागु नहुने ।

(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.१,००,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण सेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता – प्रत्याभुतिकर्तालाई प्रत्याभुति रकमको ०.५०% का दरले रु.२३,७००/–
(इ) विज्ञहरु – वित्तीय प्रक्षेपण पुनरावलोकन गरी प्रमाणित गर्ने विज्ञलाईरु.२०,०००/–
(उ) लेखापरिक्षक – सार्वजनिक निष्काशनको लागि कुनै रकम भुक्तानी नगरिएको ।
(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्रहरुलाई जम्मा रु.६,५०,०००/–कमिशन दिने र सेयर प्रमाणपत्र वितरण गरे बापत प्रति प्रमाणपत्र रु.२/–का दरले भुक्तानी दिने व्यबस्था गरिएको छ ।

**३.१०.३.सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै ब्यबस्था गर्न लागिएको छ भने तत् सम्बन्धि विवरण :** हाल सम्म त्यस्तो कुनै व्यवस्था गरिएको छैन ।

**३.१०.४.प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य :**
सेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**३.१०.५.धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धि ब्यबस्था :**

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण सेयर संख्या भन्दा बढी संख्यामा साधारण सेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको ब्यवस्था अनुसार साधारण सेयरहरु बाँडफाँड गरिनेछ र सेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था : सेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र सेयर बाँडफाँड गरी पूर्ण वा आंशिकरुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको सेयरको बाँडफाँडपत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर : "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यबस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मिति देखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिन सम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि : धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित सेयर बाँडफाँड सम्बन्धी ब्यवस्था अनुसार साधारण सेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र सेयर प्रमाणपत्र वितरण गरिनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धि विवरण : निष्काशन गरिने साधारण सेयर सूचिकरण भैसकेको छैन ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यवस्था सम्बन्धी विवरण : निष्काशन गरिने साधारण सेयर धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित सेयर बाँडफाँड सम्बन्धी ब्यबस्था अनुसार साधारण सेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धि ब्यबस्था अनुसार सूचिकरण गराई सेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

**३.१०.६.प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**
प्रत्याभुति गर्ने संगठित संस्थाको नाम, ठेगाना : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।
प्रत्याभूति गरिएको सेयर संख्या र रकम : रु.४७,४०,०००/–रकम बराबरको रु.१००/–अंकित दरको ४७,४०० कित्ता साधारण सेयरको लागि प्रत्याभूति गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन निर्देशिका, २०६५ बमोजिम कुल निष्काशनको ५० प्रतिशत अर्थात ४७,४०० कित्ता साधारण सेयरहरु प्रत्याभुति गरिएको छ ।
२. कुल प्रत्याभुति सेयरहरुको लागि प्रत्याभुति शुल्क बापत एकमुष्ट रु.२३,७००/–भुक्तानी गरिएको छ ।
३. प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुति गरिएको सेयरहरुमा मात्र सिमित हुनेछ ।

४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण सेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतिकर्ताले प्रत्याभुतित कित्ता सेयरहरु सम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।

५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण सेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।

६. प्रत्याभुति सम्बन्धि अन्य व्यवस्थाहरु प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**३.१०.७.आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद सेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने सेयरधनीहरुले सर्वसाधारण सेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।

२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस सेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही लघुवित्त वित्तीय संस्थाले आर्जन गरेको मुनाफाबाट बोनस सेयर वा लाभाशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद सेयर समेत जारी गर्न सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयरहरु "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यबस्था अनुसार बाँडफाँड गरी तोकिएको अवधिभित्र सेयर प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा सूचिकरण गराई सेयर खरिद बिक्रीको ब्यवस्था मिलाइनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, पिप्रा सिमरा ३, बारा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण सेयर संख्याको प्रति साधारण सेयर रु.१००/–का दरले हुन आउने एकमुष्ठ रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण सेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी सेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०० (पाँच सय) कित्ता साधारण सेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१) कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने साधारण सेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२) दरखास्त दिंदा लघुवित्त वित्तीय संस्थाले तोकेको निर्दिष्ट ढांचामा आफूले खरिद गर्न चाहेको साधारण सेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फाराममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ । नावालकको हकमा आवेदन दिँदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

३) सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

४) दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फाराममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।

५) सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा सेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि. को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ सेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । सेयर विक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिने छैन ।

६) रु.५०,०००/–भन्दा वढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

७) रु.१०,००,०००/–सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१०,००,०००/– भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

८) आबेदन फाराम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ ।

९) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण सेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१०) संयुक्त रुपमा साधारण सेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले सेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाउने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फाराममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।

११) आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१२) बाँडफाँडबाट कायम सेयरधनीहरुलाई सेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारामसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने ब्यबस्था रहेकोले सेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल

प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

१३) कम्पनी तथा अन्य संघ संस्थाले साधारण सेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण सेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी सहित कम्पनी वा संस्थाको प्रमुखको फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ ।

१४) रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई सेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१५) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले सेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै काठमाण्डौं उपत्यका भित्र रहेका संकलन केन्द्रहरु मार्फत दरखास्त फाराम बुझाउने आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता (DMAT Account/BOID No.) दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । काठमाण्डौं उपत्यका भित्र रहेका संकलन केन्द्रहरु मार्फत आवेदन दिने दरखास्तवालाहरुले हितग्राही खाता (DMAT Account/BOID No.) उल्लेख नगरेमा वा सहि हितग्राही खाता (DMAT Account/BOID No.) उल्लेख नगरेको खण्डमा त्यस्तो दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

**३.११.<u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत सेयरधनी : नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत सेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी सेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोवार गरेको छैन ।

**३.१२.विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण** : विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मूख्य तथा तात्विक बूँदाहरु : विदेशी लगानी र ब्यबस्थापनमा लघुवित्त वित्तीय संस्था संचालन नभएको ।

**३.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको सेयर संख्या : निष्काशनकर्ता लघुवित्त वित्तीय संस्था सूचीकृत संगठित संस्था नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या : नभएको ।

**३.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**३.१५.परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

अ) यस लघुवित्त वित्तीय संस्थाको लेखापरिक्षकमा गोपाल श्रेष्ठ एण्ड चाटर्ड एकाउन्टेण्टस्, देवनगर, सैथु गणेश टोल, ललितपुर रहेको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

ई) यस निष्काशनको लागि देहायका बाणिज्य बैंकहरुलाई निष्काशन बैंक **(Banker to the Issue**) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |
| २. | श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं । |

साथै आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस सेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोशिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौंले प्रमाणित गरेको छ ।

**३.१६.परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** छैन ।

**३.१७.मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यबस्थापनको धारणाः हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद छैन ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :

विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**३.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा एक विशेष कक्षको व्यबस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि अनुपालना अधिकृत श्री सुभाष पौडेल (सम्पर्क नं:९८०१०५१०००) लाई तोकिएको छ ।

३.१९.नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धि विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धि विवरण : नगद नलिई कसैलाई धितोपत्र निष्काशन नगरिएको।

३.२०.ऋणपत्र निष्काशन सम्बन्धी विवरण : हालसम्म ऋणपत्र जारी गरिएको छैन ।

३.२१.अग्राधिकार सेयर निष्काशन सम्बन्धी व्यबस्था : हाल सम्म अग्राधिकार सेयर जारी गरिएको छैन ।

३.२२.अन्य सामान्य जानकारी :

(क) **विशेषज्ञको कुनै राय भएमा सो को विवरण :** नभएको ।

(ख) **गत तीन आर्थिक बर्ष भित्रमा कुनै संचालक, लेखापरिक्षक परिवर्तन भएको भए, सो को कारण :** सो नभएको ।

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : केशरी राज निरौला

ठेगाना : मधेशा ६, सुनसरी ।

योग्यता : .स्नातक तह

(घ) **सार्वजनिक निष्काशन गर्नको लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

मिति २०७२/४/९ गते बसेको संचालक समितिको बैठक नं.: २२ को प्रस्ताव नं.८ माथि छलफल हुँदा यस समता माइक्रोफाइनान्स वित्तीय संस्था लि. को रु.१००/–अंकित दरको ९४,८०० कित्ता साधारण सेयरहरु निकट भविष्यमा सर्वसाधारणलाई निष्काशन गर्नका लागि प्राप्त बमोजिमको प्रक्षेपण तथा दर भाउको आधारमा अनुमानित लागत रु.१०,००,३००/–भुक्तानी गर्ने गरी एनआईबिएल क्यापिटल मार्केटस लि., लाजिम्पाट, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो । साथै प्रचलित धितपत्र सम्बन्धी कानूमा भएको ब्यबस्था बमोजिम सर्वसाधारणहरुलाई निष्काशन गरिने सेयरको कम्तीमा ५० प्रतिशत सेयरको लागि प्रत्याभुति गर्नु पर्ने हुँदा रु.१००/–अंकित दरको ४७,४०० कित्ता साधारण सेयर प्रत्याभुति गराउन रु.२३,७००/–भुक्तानी गर्ने गरी एनआईबिएल क्यापिटल मार्केटस लि., लाजिम्पाट, काठमाण्डौंलाई प्रत्याभुतिकर्ता नियुक्ती गर्ने समेत सर्वसम्मतिबाट निर्णय गरियो । उपरोक्त बमोजिमको सेयर निष्काशन तथा प्रत्याभुति सम्बन्धी सम्पूर्ण कार्यहरु गर्नका लागि यस संस्थाका प्रबन्ध निर्देशक डा.मदन घिमिरेलाई अख्तियारी दिने निर्णय गरियो ।

(ङ) **संगठित संस्था वा यसका सेयरधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** नभएको ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, पिप्रा सिमरा ३, बारा र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि लघुवित्त वित्तीय संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सकिनेछ ।

(छ) **बोनस सेयर सम्बन्धी व्यबस्था :** हाल सम्म बोनस सेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचिलित बोनस सेयर निष्काशन सम्बन्धी व्यबस्था अनुसार बोनस सेयर जारी गर्न सकिनेछ ।

(ज) **सेयरवाला, कर्मचारी वा अरु कसैको लागि सेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्कासन गरिने प्रति साधारण सेयर रु.१००/–अङ्कित मूल्य (Par Value) का कुल ९४,८०० कित्ता साधारण सेयर मध्ये २% अर्थात १,८९६ कित्ता साधारण सेयरहरु लघुवित्त वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुको लागि छुट्टयाइएको तथा ५% अर्थात ४,७४० कित्ता साधारण सेयरहरु सामुहिक लगानी कोष नियमावली २०६७ बमेजिम समूहिक लगानी कोषहरुलाई बाँडफाँट गरिएको छ । यसरी कर्मचारीहरुका छुट्याइएको शेयरको हकमा संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी सेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

(झ) **वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

लघुवित्त वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण सेयर बिक्री वितरणका लागि नेपालको प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्रका दरले न्यूनतम १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फाराम तथा विवरणपत्र वितरण तथा आवेदन फारामसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

(ट) **विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

(ठ) **अन्य (कम्पनीको सकारात्मक पक्षहरु) :**

१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष ब्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको ब्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२) सामुदायिक लघुवित्तमा आधारित आधुनिक लघुवित्त सेवा प्रदान गरेको छ ।
३) लघुवित्त वित्तीय संस्थाको कोषको लागत ८.१७ प्रतिशत अर्थात् अन्य वित्तीय संस्थाको तुलनामा कम रहेको ।
४ स्थानीय समुदायमा बैंकले बनाएको अमिट छाप,
५) ग्रामिण क्षेत्रको बैंकिङ अनुभव,
६) छिटो छरितो सेवा एवं निर्णय दिने वातावरण,
७) आफ्नो कार्यक्षेत्रमा सबैभन्दा बढी भौगोलिक क्षेत्रको पहुँच भएको एक मात्र वित्तीय संस्था,
८) लघुवित्त वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
९) नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासन,
१०) सामाजिक जिम्मेवारी र दायित्व
११) विभिन्न ब्यापारिक, व्यवसायिक, सामाजिक संघ संस्था र सरकारी र गैरसरकारी निकायहरुको लघुवित्त वित्तीय संस्था प्रतिको विश्वास

(ड) **सेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् सेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस लघुवित्त वित्तीय संस्थाको कार्यालयबाट वा लघुवित्त वित्तीय संस्थाको संचालक समितिले तोके बमोजिम सेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(ढ) **साधारण सेयरको विक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण सेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन सम्म खुल्ला रहनेछ । तर प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फाराम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरी कम्तीमा १० वटा केन्द्रको व्यबस्था गरिएकोमा कम्तीमा चार कार्यदिन खुल्ला गरिनेछ ।

**३.२३.संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | डम्बरमणि थेबे लिम्बु | अध्यक्ष | |
| २. | डा. मदन घिमिरे | प्रबन्ध संचालक | |
| ३. | टिना सुबेदी | संचालक | |
| ४. | राजेश्वर प्रसाद आचार्य | संचालक | |
| ५. | विश्वराम खड्का | संचालक | |
| ६. | हरि बहादुर भण्डारी | संचालक | |

३.२४.निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) को प्रति :

NIBL CAPITAL

A licensed Merchant Banker and Fund Manager from SEBON

Ref: 151\073\074

२०७३/५/५

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

नारायणी अञ्चल, बारा जिल्ला, पिप्रा सिमरा गा.बि.स., वडा नं.२, पिप्रा सिमरा ठेगाना भएको समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/–दरको ९४,८०० (चौरान्नब्बे हजार आठ सय) कित्ता साधारण शेयरहरुको निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धि निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**

**नाम** : कबिन्द्र ध्वज जोशी

**पद** : नायब महा–प्रबन्धक

**सही** :

**कार्यालयको छाप** : NIBL CAPITAL NIBL Capital Markets Ltd. Kathmandu, Nepal

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
( A subsidiary of Nepal Investment Bank Limited)
P.O. Box 23224, Lazimpat, Kathmandu, Nepal

Ph: +977-1-4005080/58/68/69
Fax: +977-1-4005084
E-mail: info@niblcapital.com
Website: www.niblcapital.com

३.२५.विवरणपत्र वित्तीय विवरण तथा अन्य कुनै कुरामा बिज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# RKS & Associates

**Chartered Accountants**

कात्तिक १९, २०७३

श्री संचालक समिति,

समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

सिमरा ३, बारा

बिषय : प्रक्षेपित वित्तीय विविरणको प्रतिवेदन

महोदय,

यहाँको अनुरोधमा हामीले समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको आ.ब. २०७२/७३, २०७३/७४ र २०७४/७५ को प्रक्षेपित वित्तीय विवरणको पुनरावोलकन (Review) गरेका छौं । यस प्रतिवेदन, हाम्रो बुझाईमा, समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडले सर्वसाधरणको लागी शेयर निष्कासनको निमित्त विवरण पत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वित्तीय विवरण निम्न कुराहरुमा आधार रहेको जानाकारी गराईन्छ :

१. बैंकको आर्थिक बर्ष २०७०/७१, २०७१/७२ र २०७२/७३, लेखापरिक्षण भएको वित्तीय विवरणहरु,

२. हामीलाई जानकारी गराईएको तथा हामीले जानकारी लिएको आवश्यक सुचनाहरु,

३. बैंकले अवलम्वन गरेको लेखा नीतिहरु, र

४. अनुसूची “क” मा प्रस्तूत गरिएको प्रमुख अनुमानहरु() ।

उपरोक्त प्रक्षेपण विगत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित विवरण अनुसूची “क” मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनि प्रमाणिकरण मात्र गरेका हौं ।

RKS & Associates Kathmandu Nepal Chartered Accountants

सि.ए. राजेश कुमार साह, एफ.सि.ए.
प्रोप्राईटर

आर.के.एस. एण्ड एसोसियट्स
चार्टड एकाउन्टेनट्स

मिति : २०७३/७/१९
स्थान : काठमाडौं ।

Chadani Chowk | Tanglaphant | Kirtipur-1 | Ph: 01-4433069, 951074183, 9801074183 | Email: meetrajeshca@yahoo.com

## समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

सिमरा ३, बारा

अनूसुची - क

**वित्तीय प्रक्षेपणका प्रमूख आधारहरु :**

१. <u>कर्जा तथा सापट:</u>

सस्थाका आ.ब. २०७०।७१ का आषाढ मासन्तबाट आ.ब. २०७१।७२ का आशाढ मसान्त सम्ममा असल कर्जामा करिब २४५ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब. २०७२।७३ को अषाढ मसान्तसम्ममा करिब २१९ प्रतिशतको बृद्धि भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनूसार २०७३।७४, २०७४।७५ र २०७५।७६ मा क्रमस ३०, २५ र २५ प्रतिशतले कूल कर्जा बृद्धि हूने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापटमा प्राप्त हूने औसत ब्याज दर आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि क्रमस १६।००, १५।०० र १५।०० प्रतिशत हूने अनूमान गरिएको छ ।

कजा तथा सापट का निक्षप र प्राथामक पूजाका अनूपात (CD Ratio) नपाल राष्ट्र बकल ताकका अनूपात अनूरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरीएको छ । जस अनुरुप आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि क्रमस ९४, ९६ र ९७ प्रतिशत हूने प्रक्षेपण

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि कूल कर्जा तथा सापटको क्रमस १।२८, १।२५ र १।२२ प्रतिशत कायम रहने अनूमान गरिएको छ ।

२. <u>निक्षेप:</u>

सस्थाका आ.ब. २०७०।७१ का आषाढ मासन्तबाट आ.ब. २०७१।७२ का आसाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग ३७५ प्रतिसतको बृद्धि भएको तथा संस्थाको आ.ब. २०७२।७३ को अषाढसम्ममा प्रतिशतले ३२३ बृद्धि भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनूसार आ.व. २०७३।७४, २०७४।७५ र २०७५।७६ मा क्रमस ५०, ३५ र २० प्रतिशतले कूल निक्षेप बृद्धि हूने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नूपर्ने औसत व्याजदर आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि क्रमस ७।००, ७।०० र ७।०० प्रतिशत कायम रहने अनूमान गरिएको छ ।

३. <u>तरलता:</u>

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनूपात (Statutory Liquidity Ratio) आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि क्रमस ११।३६, ११।३९ र १२।१२ कायम हूने गरी लगानी प्रक्षेपण गरीएका छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि क्रमस ५।३५, ५।८५ र ६।१६ कायम हूने गरी लगानी प्रक्षेपण गरीएका छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छूट्याइएको छ ।

५. आउंदो वर्षहरुको लागी बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ ।

६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

RKS & Associates ★ Kathmandu Nepal ★ Chartered Accountants

७. पूजि प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनूपात अनूरुप रहने गरी प्रक्षेपण गरीएको छ । जस अनुरुप पूजिकोषको अनूपात आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि क्रमस १३।४७, १७।५७ र १७।६५ प्रतिशत र प्राथमिक पूजिको अनूपात आ.ब. २०७३।७४, २०७४।७५ र २०७५।७६ को लागि क्रमस १२।५१, १६।५९ र १६।६७ प्रतिशत हूनेगरि प्रक्षेपण गरिएको छ ।

प्रमाणित गर्ने

सिए. राजेश कुमार साह, एफ.सि.ए
प्रोप्राइटर

आर.के.एस. एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स